प्रो. भक्त कुमार रामदाम मो. ९८४६०७८०२२, ०६५-४१२१६०
तपाईंको एकमात्र विश्वासको प्रतीक
रामदाम सुन चाँदी पसल
शुक्लागण्डकी-६, खैरेनीटार, तनहुँ
वडा कार्यालय (पुरानो गाविस) भवन अगाडी
यहाँ आधुनीक डिजाईनका आकर्षक गहनाहरु पाईनुका साथै, अर्डर अनुसार तयार गरिन्छ । साथै राशि र ग्रह अनुसारका पत्थरहरु चाहिएमा हामिलाई सम्फनुहोस ।

'सकारात्मक परिवर्तनका लागि स्वतन्त्र पत्रकारिता'
शुक्लागण्डकी मिडिया प्रा.लि. द्वारा प्रकाशित

# तनहुँ खबर

राष्ट्रिय दैनिक

Tanahun Khabar National Daily

प्रो.उर्मिला राना मो. ९८५६०२२२९३
"शुक्लागण्डकीकै पहिलो कल्चर हाउस"
पि.आर कल्चर एण्ड फेशन हाउस
(एनएमबि बैंक भएको भवन बन्केवा चोक दुलेगौंडा)
हामी कहाँ, विभिन्न जातजातीको भेषभुषा गरगहना पाईनुका साथै स्वदेशी तथा विदेश फेशनका कपडाहरु सुपथमुल्यमा पाइन्छ । साथै विभिन्न कार्यक्रमहरुको लागी भाडाका ड्रेसहरु पनि उपलब्ध गराईन्छ ।

● वर्ष ६ ● अंक ७२ ● वि.सं. २०७८ असोज १९ गते मंगलबार, चतुर्दशी ई.सं. ५ अक्टोबर २०२१ ● ने.सं. ११४१ ● पृष्ठ ४ ● मुल्य रु. ५

## राष्ट्रिय जनगणना

# नागरिकले नबुझ्दा सुपरिवेक्षकलाई सास्ती



**अशोक विश्वकर्मा/तनहुँ खबर**

**असोज १८, दुलेगौंडा**

सरकारले प्रत्येक दशमा बर्षमा गर्ने राष्ट्रिय जनगणनाका लागी यति बेला प्रत्येक नागरिकको घर दैलोमा सुपरिवेक्षक खटिएका छन् । सुपरिवेक्षकलाई घर तथा घरपरिवार सुचिकरणका लागी खटाएको सरकारले बेलैमा जनगणना सम्बन्धि पर्याप्त प्रचार गर्न नसक्दा कार्य क्षेत्रमा दुख भोगेको सुपरिवेक्षकले गुनासो गरेका छन् ।

जिल्लाको शुक्लागण्डकी नगरपालिकामा सुपरिवेक्षकको रूपमा कार्यरत अस्मिता सुनारले अधिकांश नागरिकहरूले जानकारी दिन आनाकानी गर्ने गरेको अनुभव सुनाईन् । 'ठुला घरका माथिल्लो तल्लामा बस्ने घरबेटीहरूका कारण बढी समय लाग्यो', उनले भनिन्, 'सिधै प्रवेश गर्न गाह्रो बोलाउदाँ समेत चासो नदिने ।'

सुनारले वडा तथा गाउँनगरपालिका लगायतका संस्थाहरूले समेत विभिन्न समयमा गर्ने सर्वेक्षणका कारण नागरिकहरूले चासो नदिएको बताइन् । जिल्लाका अधिकांश क्षेत्रमा खटिएका सुपरिवेक्षकहरूले सही तथ्याङ्क ल्याउन

**बाँकी पृष्ठ ३ मा............**




तनहुँ खबर राष्ट्रिय दैनिकमा विज्ञापन दिनुपरेमा अथवा नियमित ग्राहक बन्नुपरेमा फोन नं ०६५-४१४३००

कैलाश अटो पार्टस
कैलाश अटो ईन्जिनियरीङ्ग वर्कसप
९८५६०७६११३, ९८१९१७६११३
शुक्लागण्डी-२ गाछेपानी, तनहुँ
चार पाङ्ग्रे सवारी सम्बन्धि सम्पूर्ण किसिमका मर्मत, खरिद, बिक्री र साटफेर, डेन्टपेन्ट गर्नुका साथै पार्टसहरु चाहिएमा सम्फनुहोस ।

# मेलमिलापकर्तालाई पुनर्ताजगी तालिम

दुलेगौंडा- शुक्लागण्डकी नगरपालिकाका मेलमिलापकर्ताका लागि पुनर्ताजगी तालिम दिईएको छ । वडा-वडामा रहेका मेलमिलापकर्तालाई सर्वसाधरणको विवाद समाधानका लागी पुनर्ताजगी तालिम दिईएको हो ।

सोमबार शुक्लागण्डकी नगरपालिकाको न्यायिक समितिले दिएको मेलमिलापकर्ता पुनर्ताजगी तालिम तथा शुभकामना आदनप्रदान कार्यक्रममा बोल्दै न्यायिक समिति सदस्य थमनबहादुर आलेले उत्साहका साथ मेलमिलापको अभियानमा लाग्न अनुरोध गरे । मेलमिलापको नितीले विवादको समाधान गर्दा दुवै पक्षलाई न्यायको महशुस गराउने उनको भनाई छ ।

शुक्लागण्डकी नगरपालिकाका शिक्षा शाखा प्रमुख उपसचिव नवराज चापागाईले पुनतार्जगी तालिमले मेलमिलापकर्तालाई परिस्कृत गर्ने बताए । मेलमिलापकर्ताले महत्वपुर्ण जिम्मेवारी वहन गरिरहेको उनको भनाई छ ।

शुक्लागण्डकी **बाँकी पृष्ठ ४ मा..........**

प्रो. राम विश्वकर्मा ९८१७११६०६५
प्रो. राजु विश्वकर्मा ९८१४१३३२२२ ९८०५८२८०५२
स्याङ्गजा
धनलक्ष्मी सुन चाँदी पसल
शुक्लागण्डकी-४, दुलेगौंडा, बसपार्कको ठिक पारि
हाम्रो शाखा पसल दुलेगौंडा बन्केवा चोकबाट पनि सेवा लिन सक्नुहुनेछ ।
यहाँ सम्पुर्ण डिजाईनका गरगहना पाईनुका साथै खरिद तथा साटफेर पनि गरिन्छ ।


प्रो. भोज बहादुर सुनार सम्पर्कः । ९८०५८३५५५७,९८०६६१५८५५
ॐ प्रोसन आभूषण सुनचाँदी पसल
शुक्लागण्डकी-४, दुलेगौंडा, मित्रीबजार
यहाँ सम्पूर्ण डिजाइनका गरगहना पाइनुका साथै साटफेर गर्ने व्यवस्था रहेको छ । राशी अनुसारको पत्थर चाहिएमा समेत सम्फनुहोस् ।

प्रो जंग एण्ड लक्ष्मी विश्वकर्मा ९८०६७१८६५२, ९८०५८८१४५३
तारालक्ष्मी स्याङ्गजा किचानास
सुन चाँदी पसल
शुक्लागण्डकी-४ दुलेगौंडा (मुक्तिनाथ बैङ्कको आडमा)
यहाँ सम्पूर्ण डिजाईनका गरगहना पाईनुका साथै खरिद तथा साटफेर पनि गरिन्छ ।





# गीतमा महिलाको हुर्मत कहिलेसम्म ?




शब्द, मेलोडी र स्वरको संयोजन नै गीत हो। गीत मार्फत कथा भन्ने, भावना व्यक्त गर्ने, विशेष मान्यता वा विचारलाई व्यक्त गर्ने गरिन्छ। श्रोता रिझाउने उद्देश्य बोकेका हाम्रा गीतहरूमा महिलाद्वेषी सन्देश प्रशस्त पाइन्छ। पुरुषसत्ताको भाका गाउने त्यस्ता गीतहरूले महिलाको भावनामाथि हदेसम्मको मजाक गरेका छन्। 'गीतमा त रमाउने हो, त्यत्ति सिरियस्ली नलिऔँ' भन्ने कतिलाई लाग्ला। सुर र तालद्वारा सजिएका गीतभित्रका अन्तरवस्तुबाट हामीले कस्तो समाजको कल्पना गर्दैछौं भनेर चिन्तन गर्‍यौं भने यसले मेरो जस्तै धेरैको टाउको दुखाउँछ।

लैङ्गिक भूमिका, शक्ति सम्बन्ध र यौनिकताको सवालमा महिला पात्रलाई सधैं निरीह बनाए गीतहरूले। यसलाई प्रमाणित गर्ने अभागी कर्महारा मानवको रूपमा वर्णन गर्दै छोरीको जायजन्मलाई नै धिक्कार्ने यस्ता गीतहरू बने- 'छोरीको जन्म हारेको कर्म, कहाँको जनम भो कहाँ', 'ठोक न मादल ठोक सानु 'देउता उल्लु आइमाईको संख्या बढाउनाले'। यी पुराना गीत कानमा ठोक्किंदा लाग्छ- यसले आम महिलाको आत्मसम्मान र अस्तित्वमाथि झापड हानेको छ।

एकताका रेडियो नेपालमा खूबै चलेको 'लै बरी लै लै बरी लै, गाउँका केटी सबैलाई' गीतले मर्यादाको सीमा नाघ्दै शब्दद्वारा महिलाको चीरहरण गरियो। गीतले उमेर पुगेका केटाहरूले जे पनि गर्न सक्छन्, त्यसैले तिम्रा छोरीचेलीहरू थुनेर राख भन्ने आशय दिन्छ। त्यस्तै 'छोरीभन्दा आमा तरुनी लिपिस्टिक पाउडरले, लान्छ क्यारे घुमाउन झिल्के ड्राइभरले' 'जुनी काट्छु भन्थेउ नि मसित'.कमाउ धन पाइहाल्छौ जोवन' पुराना गीतका शब्दहरूले बिकाउ मालको कोटिमा राखी महिला पात्रको हुर्मत लिएका छन्।

पुरुषत्वको हाँक दिंदै बनाइएका चर्चित गीतहरूका कुरा गरौं। ' झटारोले हानु कि अंकुसेले तानु कि, यो नानीको शिरमै मोहनी' तथा 'दमौली हिंड माया मैसँगै रमाउली' को अन्तराले भन्छ, 'सिरानी फाटी सक्यो उधी सक्यो रात भरी तानेर, मैले च्याप्ने सिरानीलाई तिमी ठानेर'। 'नारी यी सब ताडनाका अधिकारी' उक्तिलाई चरितार्थ गर्दै पुरुषले महिलाको शरीरमाथि यो हदसम्मको खेलबाड गर्ने हक राख्छन् भन्ने सीधा अर्थ यसले दिन्छ।

पचासको दशक अगाडि सोह्र वर्षे यौवनको चर्चा भएका गीत धेरै सुनिन्थे। कलिला बालिकामा बैंसालु अदा र कामुकता देख्ने त्यो कस्तो विकृत समाज होला ? बालविवाह सामान्य भएको त्यो जमानाको सोचमा परिवर्तन आएतापनि गीत लेखनको अभ्यासमा त्यसकै पुनरावृत्ति पाइन्छ। 'सोह्र वर्षे तिम्रो मस्त जवानी' 'सोह्र वर्षे जवानीमा आँखा लगाउँछन्', 'सोह्र वर्षे जोवनले मनै हरायो' जस्ता गीतहरू यसका उदाहरण हुन्। बालिकाहरूमाथि यौन हिंसा बढिरहेको बेला बलात्कारीको मनोबल बढाउने यस्ता गीतप्रति हामी संवेदनशील हुनुपर्ने देखिन्छ।

'फर्सी धेरै पाक्यो भने भित्रभित्रै कुहिन्छ, छोरी धेरै माइत बसे अनेक कुरा सुनिन्छ', 'माइतघर बसी छोरा पाउने भइछौ, हे बरै नलाउनू मलाई दोष' गीतहरूले जसले महिलासँग सतीत्वको अग्निपरीक्षा माग्छन्

परापूर्वकालमा दमनकारी प्रणालीको जगमा बनेका 'संस्कारी महिला' को साँघुरो परिचयभित्र महिलाको स्वतन्त्र अस्तित्व अटाउनै सक्दैन। संस्कारजन्य नियमलाई पुस्तान्तरण गरी महिलामाथिको घरेलु शोषणलाई प्राकृतिक बनाउने गीतहरू हुन्- 'ए ससुरा बा मलाई साली मन पर्‍यो 'साली तिम्रो जोवन कसले लाने हो तिम्रो हातको तिहुन तरकारी कसले खाने हो', ' मादल घन घन घन्काउँ कि सोरठी भाकामा ' केटीले सेखी नगर्नू सासूलाई ढोग्न पुगिन्छ', 'धनकुटा हिले दिलचित्त मिले' हात्ती पाल्नु भन्दा स्वास्नी गाह्रो भन्छन्।'

**समाजका असल नारीको बिम्ब यही हो, अनि भान्से, मर्यादापालक, पशुतुल्य पराश्रति सामर्थ्यभन्दा माथि गीतले किन पत्याउन् नारीलाई ?**

यस प्रसङ्गमा नेपालखबर मा शीतल दाहालले 'कुटुमा कुटु सुपारी दाना' माथि टिप्पणी गर्दै

**बाँकी पृष्ठ ३ मा............**

# सम्पादकीय

## यसरी विकल्प देउ

**आवश्यक प्रकृया पुरा गरेर समेत लामो समयसम्म सवारी चालक अनुमति पत्र लाईसेन्स नगर्ने समस्या सवैका लागी साझा बनि रहेको बेला गण्डकी प्रदेशमा राहतको प्रयास भएको छ। यहाँको भौतिक पुर्वाधार, सहरी विकास तथा यातायात मन्त्रालयले एक बर्षे अस्थायी लाईसेन्सको व्यवस्था गर्ने भएको छ।**

**लाईसेन्स प्राप्तीका लागि लिखित र प्रयोगात्मक परिक्षा पास गरि राजश्व बुझाएकाहरुले शुक्रबारबाट स्मार्ट लाईसन्स प्राप्त नभईन्जेलका लागि यस्तो व्यवस्था गरिएको हो। प्रदेश सरकारको यो पहललाई सकरात्मक रुपमा ग्रह गर्नु आवश्यक छ। आवश्यक प्रकृया पुरा गरेकाहरुलाई १० मिनेट भित्र अस्थायी लाईसेन्स दिने घोषणा गरेका मन्त्री कुमार खड्काको यो कदमले दक्ष सवारी चालकलाई ट्राफिक सामु राजस्व तिरेको कागज देखाउने समस्या टर्ने विस्वास गर्न सकिन्छ।**

**लाइसेन्सको काम यातायात व्यवस्था विभागको जिम्मामा छ। प्रदेशको हकमा यो कार्यालय संचालनको प्रदेशकै हो। तर, छाप्ने जिम्मा संघ सरकारकै भएकाले माग गर्दा पनि माग गर्दा पनि स्मार्ट लाइसेन्स पाइँदैन। देशैभर ठूलो संख्यामा नागरिकहरु स्मार्ट लाइसेन्स कुरिरहेका छन्, नयाँ लाइसेन्स लिन चाहनेहरुको संख्या पनि उत्तिकै छ। प्रदेश सरकारले जनताको समस्या तथा राजश्वको प्रमुख स्रोतमध्येको यो समस्यामा आँखा लगायो। ५ लाख खर्चेर अस्थायी कार्ड छाप्ने मेसिन ल्यायो र सेवा सुरु गर्‍यो। जसले यहाँका नागरिकहरुमा प्रदेश सरकारप्रति भरोशा बढाएको छ। राजश्व प्राप्त पनि हुने र जनतालाई खुसी पनि पार्न सकिने यो धेरैमध्येको एउटा काम हो। सरकारले चाहेमा सानो प्रयासले पनि जनताले अनुभूत गर्ने गरी सेवा दिन सकिन्छ। सरकार भएको आभाष दिलाउँछ।**

**यसरी लामो समयसम्म लाईसेन्स नपाउनु र उक्त समयमा कुनै विकल्पको समेत व्यवस्था नहुदाँ दुख पाएका चालकहरु पाउने दुखको यो कदमले सहज बनाएको छ। यता छिटो लाईसेन्स पाईने आशामा विचौलियासामु पुग्नेहरुलाई समेत हाईसञ्चो भएको छ। यस्ता कार्यले विचौलिया प्रवृत्तिलाई अन्त्य गर्न मद्दत पुर्‍याउने भएकोले यस्ता कार्यको सिको अन्य क्षेत्रले समेत गर्नुपर्ने देखिन्छ। अतः प्रदेश सरकारले पनि आफ्ले सुरु गरेको अभियानलाई सफल बनाउन केन्द्र सरकारलाई झक्झक्याउनु पर्छ।**


प्रो. सुरेन्द्र तामाङ ९८५६०६२१६०, ९८०२८२०२७४, ९८१६६९०१६०

तामाङ ब्लक उद्योग तथा निर्माण सामग्री सप्लायर्स

शुक्लागण्डकी-२, तनहुँ



अत्याधुनीक प्रविधिबाट उत्पादन गरिएको सस्तो गुणस्तरीय तथा भरपर्दो विभिन्न साईजका ब्लकहरु तथा ढुङ्गा, गिट्टि, बालुवा, ईंटा चाहिएमा हामीलाई सम्झनुहोस।

नोट : सिमेन्टबाट बनेको चौकोस र त्रिकोस पनि सुपथ मुल्यमा पाईन्छ।


## आजको राशिफल : २०७८ साल असोज १९ गते मंगलबार, चतुदर्शी

**मेष**
पतिपत्नीबीच घरसल्लाह नमिल्न सक्छ साथै आर्थिक संकट पनि होला विचार पुर्याउनु भए बेश होला। अनावश्यक रूपमा कसैसंग झै झगडा हुन सक्छ, साथै यात्रामा पनि सावधान हुनुहोला।

**बृष**
कामको सन्दर्भमा रमाइला व्यक्तित्वहरूसँग मित्रता बढ्नेछ। कला क्षेत्रमा रूचि बढ्नेछ। मानप्रतिष्ठा र सामाजिक मर्यादामा अभिवृद्धि हुनेछ। मित्रले प्रशंसा गर्नेछन्।

**मिथुन**
कामबाट सजिलै फुर्सद पाइनेछ। मनमा प्रसन्नता मिल्ने दिन छ, आफन्तुसंग भेटघाट होला।अधुराकाम बन्ने तथा नयाँकाम पाउने योग छ। धन मनग्य कमाउने अवसर मिलनेछ। कामहरू बन्न सक्ने मौका छ।

**कर्कट**
व्यवसायमा थप लगानी बढाउन सकिनेछ। वैदेशिक तथा ब्यापारिक कामकाजमा फाइदा होला। व्यापार-व्यवसायमा लाग्नेहरूलाई विशेष फाइदा होला। प्रेमसम्बन्ध र दाम्पत्य सुखको योग छ।

**सिंह**
स्वास्थ्यमा अचानक गडबडी आउने सम्भावना देखिन्छ। चोटपटकको भय पनि छ होस पुर्याउनु होला।बाटो काट्दा वा हातहतियारको प्रयोग गर्दा सचेत रहनुहोला।

**कन्या**
परिवार सँग आत्मीयता बढ्नेछ। प्रेम प्रस्तावको पनि सम्भावना छ, संगीत सिक्नमा मन जाला। विभिन्न अवसरले पछ्याउनेछन्। भविष्यका लागि विशेष काममा जग बसाउने मौका छ।

**तुला**
आम्दानी बढ्न सक्छ। घुमघाम, भेटघाट र मनोरञ्जनमा दिन बित्नेछ, मिष्ठान्न भोजनको योग रहेको छ। अरूको विस्वास जित्न सजिलै सकिनेछ। धन मान पाउने योग छ।

**वृश्चिक**
मनमा रहेको डर हटेर काममा उत्साह बड्नेछ। टाढाको यात्रा गर्ने अवसर आउला, दिन सामान्य नै छ।अनुकूल यात्राको सम्भावना छ। पठनपाठन सामान्य रहला, फुर्सदिलो समय छ।

**धनु**
धेरै श्रमगरे पनि कामको कम मूल्याङ्क्न हुनेछ। भएको आम्दानी र सञ्चित रकम पनि खर्च गर्नुपर्ला। हतारको निर्णयले काम बिग्रन सक्छ, सचेत रहनुहोस्। मान्यजनको सुझाव अप्रिय लाग्नेछ।

**मकर**
खर्च बढने र स्वास्थय कम्जोर भइ काममा अवरोध आउनेछ। कुराकाटनेहरू बढनेछन सावधान रहनु होला।नयाँ योजना बनाउन र दीर्घकालीन योजना बनाउन आजको दिन अनुकूल नहुन सक्छ।

**कुम्भ**
दिगो फाइदा हुने काममा लगा( नी बढाउन सकिनेछ। काम र व्यापारमा पनि फाइदा हुनेछ।सोचने शक्तिबढने छ। कुराकाटनेहरू प्रसम्सा गर्न थालने छन, अन्न तथा धनको पनि वृद्धि हुनेछ।

**मीन**
आर्थिक लगानी बढाउन अनुकूल समय छ। नयाँ ठाउँमा लगानीको वातावरण बनी मन हर्षित हुने छ। परिश्रमले धेरैकाम बन्नेछन धनपनी मनग्य कमाउनु होला साथै भाग्य पनि बलियो छ।

# गीतमा महिलाको हुर्मत.....

**पृष्ठ ७ बाट क्रमश.....**

' लेखेको याद आउँछ– 'यो गीत छोरीहरूको सपनाको हत्यारा हो । केटी मानिसले म पाइलट बन्छु या वैज्ञानिक बन्छु अर्थात् मलाई जे मन लाग्यो त्यो बन्छु भन्ने भाष्य हाम्रो समाजले बनाएकै छैन । यस्ता खालका गीतै हामीले रचेका छैनौं ।'

हाम्रा रचनाहरूले त नारी पतिव्रता हुनू भन्ने भाव अनि पुरूषलाई कानूनले वर्जित गरेको बहुविवाह गर्न उक्साउने मनसाय दर्साउँछन् । जसरी यी गीतहरूले भन्छ– 'घरमा छे चिटिक्क परेकी पियारी, तैपनि कहिलेकाहीं भैहाल्छ गडबडी', 'भात जति खाए नि भोक लाग्छ तरूनी देख्दा लोभ लाग्छ, लोभी छ आँखा पापी छ मन ।'

दाहालले भने झैं 'साली' रोमाञ्चकता र यौनिकताको सजिलो बिम्ब हो । त्यसैले भेनाहरूले हाक्काहाक्की यसो भन्ने आँट गर्दछन् 'भन साली तेरी दिदी काँ छ ' घरकीले मन भरेन अब तेरो पालो' । तर दिदीले देवर जेठाजुसँग त्यस्तै रोमाञ्चकता प्रकट गरे इज्जत माटोमा मिल्छ ।

अनि तिम्रो इज्जत सियोको टुप्पोमा हुन्छ इज्जत र चरित्र जोगाउ है भन्ने खाले सतर्क गराउने गीत बने । 'साइली र माइली पोइला गएछन् गाउँघर नै शून्य पारेर, हामीलाई झुक्याइ भागेछन् बाउबाजेको नाकै काटेर' । केटीको बाउबाजेको मात्रै नाक काटिएको यो गीतमा तिनलाई बिहे गर्ने चाउरेका बाउको नाक कार्टिदैन । 'फर्सी धेरै पाक्यो भने भित्रभित्रै कुहिन्छ, छोरी धेरै माइत बसे अनेक कुरा सुनिन्छ', 'माइतघर बसी छोरा पाउने भइछौ, हे बरै नलाउनू मलाई दोष' गीतहरूले जसले महिलासँग सतीत्वको अग्निपरीक्षा माग्छन् ।

हामी धेरैले यी गीत सुनेका हौंला–'कति बस्छ्यौ माइतीकै कौसीमा, लाग्छ आँखा पाकेको लौसीमा', 'कलियुगको बेलैमा जोशमा हुन्न होश, उनकै छोरी तरूनी हाम्लाई केको दोष', 'बट स्लोली स्लोली'फुरफुर नगर पुतली चाल पाउली जालैमा परेसी' । आजकालको बजारे गीत 'दाह्री फुले बैंसैमा चश्मा लाउँछौ पावर' त नसुन्ने कुरै भएन । समग्र गीतको अन्तर्यमा लुकेको, केटाले चाहेपछि केटीले नाइँनास्ति गर्न नपाउने नत्र जबरजस्ती लछारेर लैजाने महिला यौनिकतामाथिको अधिकार जताइ उस्तै छैन र ? **अनलाईन खबर**

# तनहुँका एक संक्रमितको मृत्यु

**दमौली–** कोरोना सङ्क्रमणबाट तनहुँका थप एकको मृत्यु भएको छ । शुक्लागण्डकी नगरपालिका निवासी पुरूषको कोरोना सङ्क्रमणबाट मृत्यु भएको हो ।

शुक्लागण्डकी–५ निवासी ७२ वर्षीय पुरूषको गण्डकी मेडिकल कलेजमा सोमबार मृत्यु भएको स्वास्थ्य निर्देशनालयले जनाएको छ । ती पुरूषमा असोज १० गते कोरोना सङ्क्रमण पुष्टि भएको थियो ।

यसैगरी सोमबार तनहुँका १० जनामा कोरोना सङ्क्रमण पुष्टि भएको छ । पा'च पुरूष र पा'च महिलामा सङ्क्रमण पुष्टि भएको हो ।

# मुक्ति समाज घिरिङमा अन्जान

**तनहुँ खबर संवाददाता**
**असोज १८, घिरिङ**

नेपाल उत्पीडित जातीय मुक्ति समाज घिरिङको प्रथम भेलाबाट अन्जान परियारको नेतृत्वमा समिति गठन भएको छ । उक्त भेलाले उपाध्यक्षमा नारायणी सुनार, सचिवमा दिल कुमार विक, सहसचिबमा सोमान सिं रामदाम र कोषाध्यक्षमा विष्णुमाया नेपालीलाई चयन गरेको छ।

नवनिर्वाचित अध्यक्ष परियारले जातीय कारण भएका घटनाका पीडितलाई न्याय दिलाउन काम गर्ने प्रतिबद्धता व्यक्त गरे ।

उत्पीडित जातीय मुक्ति समाज घिरिङका इन्चार्ज एवं नेकपा एमाले घिरिङका सदस्य गोपाल विक, मुक्ति समाजका केन्द्रीय सदस्य एवं नेकपा एमाले जिल्ला सदस्य बाबुराम सुनार, जिल्ला अध्यक्ष सीताराम सुर्खाली लगायतले एमालेको भातृ संगठनको एउटा शक्तिशाली अंग नेपाल उत्पीडित जातीय मुक्ति समाज भएको बताए ।

# मेलमिलापकर्तालाई पुनर्ताजगी....



**पृष्ठ ५ बाट क्रमश......**

नगरपालिका–९ का वडाध्यक्ष लोकनारायण श्रेष्ठले तल्लो तहबाटै मेलमिलापको माध्यमबाट समस्याको समाधान गर्नुपर्नेमा जोड दिए ।

मेलमिलाप समाजका शुक्लागण्डकीका अध्यक्ष राजन रिमालको अध्यक्षतामा भएको कार्यक्रममा संविधानसभा सदस्य हसिना बेगम, सर्वोच्च अदालतका मेलमिलापकर्ता सदस्य हरि वाग्ले, बार एशोसियसन तनहुँका अध्यक्ष अधिवक्ता गोविन्द पन्थ, सामुदायिक मेलमिलाप समाज नेपालका केन्द्रिय सदस्य दुर्गाबहादुर महत, मेलमिलाप समाज शुक्लागण्डकीका सचिवालय सदस्य घनश्याम भट्टराई लगायतले बोलेका थिए ।

शुक्लागण्डकीको मेलमिलाप समाजमा १३५ जना रहेका छन् ।

# राष्ट्रिय जनगणना....................

**पृष्ठ १ बाट क्रमश..........**

समस्या भएको जिल्ला जनगणना कार्यालय तनहुँमा गुनासो गरेका छन् ।


घर भाडामा दिनेहरूले कर तिर्नुपर्ने आशंकाका कारण गलत सुचना दिने, जनगणनाको महत्वप्रति जानकारी नहुदाँ सुचना दिन चासो नदिने, सुपरिवेक्षकलाई विश्वास नगर्ने लगायतका गुनासो कार्यालयमा प्राप्त भएको प्रमुख जिल्ला जनगणना अधिकारी नन्दलाल सापकोटाले बताए ।

सापकोटाले जनगणनाको महत्व बुझाउने गरि आवश्यक प्रचार गर्न नसक्दा समस्या सिर्जना भएको हुन सक्ने बताए । उनले सुरपरिवेक्षकको गुनासो अनुसार शिक्षित समुदायबाट नै जनगणनामा समस्या सिर्जना भएको छ । 'गाउँतिर अलि नबुझ्केकाहरूले बरू सहि तथ्याङ्क दिएका छन् । तर शहर बजारमा रहेको शिक्षित, कानुनी तथा प्रशासनिक ज्ञान हुनेहरू बढी बाठो हुदाँ समस्या भएको हो ।' उनीहरूले अनावश्यक कुराकानी गरेर सुरपरिवेक्षकलाई भुलाउने, सही तथ्याङ्न दिदाँ समस्या हुने आशंका व्यक्त गर्ने गरेको सापकोटाले बताए ।

जिल्ला जनगणना कार्यालयका सहायक अधिकारी नवराज पोखरेलले नागरिकहरूमा तथ्याङ्क दिनुपर्छ भन्ने बुझाई नहुदाँ सुपरिवेक्षकहरूले समस्या भोगेको बताए ।

'मेरो गणना मेरो सहभागिता' नारा तय गरेर गत बैशाखमा गणनाको तयारी गरिएपनि कोरोना महामारीका कारण स्थगित भएको थियो । अहिले घर तथा घरपरिवार सर्वेक्षण सकेर गणक मार्फत प्रत्येक घर परिवारमा पुगी मुख्य प्रश्नावली फारम मार्फत घरपरिवार तथा व्यक्तिको घरपरिवार तथा व्यक्तिको लिङ्ग, उमेर, जाति, भाषा, धर्म, वैवाहिक स्थिति, बसाइँसराइ, शिक्षा, आर्थिक क्रियाकलाप लगायत विवरण संकलन गर्ने तयारी भईरहेको छ । आगामी कार्तिकको २५ देखि मंसिर ९ सम्म गणकहरू नागरिकको घरघरमा जाने तयारी गरिरहेका छन् ।

सहायक अधिकारी पोख्रेलले दिएको जानकारी अनुसार तनहुँमा १ सय ३० सुपरिवेक्षक खटिएका छन् भने झण्डै पाँच सय गणकलाई नागरिकको घर दैलोमा पठाउने तयारी भईरहेको छ ।

प्रो. सन्तोष लामा
९८०७२४८४७५
प्रो लक्ष्मण वि.क.
९८२५१६०४०४
डायमण्ड अटो इन्जिनियरिङ्ग प्रा.लि.
शुक्लागण्डकी -२ हलेदी

हामी कहाँ सम्पूर्ण सवारी साधनहरू मर्मत गरिनुका साथै डेन्ट पेन्ट पनि गरिन्छ ।

प्रो.: गोविन्द सिग्देल सम्पर्क नं. : ९८५६०२८५४३, ९८४१७००७८७
सिग्देल अफसेट प्रेस
फेलेक्स प्रिन्ट, पत्रपत्रिका, पुस्तक, कार्यालयका कागजपत्रहरु, छाप, भिजिटिङ कार्ड, प्रमाणपत्र, परिचयपत्र, रजिष्टर, मायाको चिनो, ब्याच, स्टिकर/लेवल, विल, भरपाई, पासबुक, ब्रोसर, तमसुक, विवाह कार्ड, निमन्त्रणा पत्र, शिल्ड/मेडल, आदि छाप्नु परेमा/बनाउनु परेमा हामीलाई संझनुहोस् ।
शुक्लागण्डकी-४, दुलेगौंडा, मेनरोड, तनहुँ
(गणपति माइक्रोफाइनान्स सँगै)
E-mail: sigdelpress123@gmail.com
लोडसेडिङ्गको समस्या छैन ।

तनहूँ सेवा हस्पिटल
शुक्लागण्डकी–४, दुलेगौंडा, वि.पी. चोक, तनहुँ
Ph: 065- 414377, 9856044343, Email : tsewahospital@gmail.com
हाम्रा विशेषज्ञ डाक्टरहरु
हाड, जोर्नी तथा नशा रोग विशेषज्ञ
डा. किशोर थापा
हाड जोर्नी तथा नशा रोग विशेषज्ञ प्रत्येक दिन
हाड जोर्नी तथा नशा रोग विशेषज्ञ
डा. बुद्धिराज गुरूङ
पश्चिमाञ्चल क्षेत्रिय अस्पताल, पोखराका वरिष्ठ हाड जोर्नी तथा नशा रोग विशेषज्ञ प्रत्येक हप्ताको बुधवार ४ बजे र शनिवार १२ बजे
पेट, मुटु, छाती, सुगर, थाइराइड रोग विशेषज्ञ
डा. कृष्ण राज अधिकारी
पश्चिमाञ्चल क्षेत्रिय अस्पताल, पोखराका पेट, मुटु, छाती, सुगर, थाइराइड रोग विशेषज्ञ MBBS Gold Medalist (काठमाण्डौं विश्व विद्यालय), MD Internal Medicine (NAMS Bir Hospital) प्रत्येक बुधवार ३ बजे, प्रत्येक शनिवार ११ बजे
छाला, यौन, कुष्ठरोग, एलर्जी तथा सौन्दर्य विशेषज्ञ
डा. जेम महर्जन
पश्चिमाञ्चल क्षेत्रिय अस्पताल, पोखराका छाला, यौन, कुष्ठरोग, एलर्जी तथा सौन्दर्य विशेषज्ञ प्रत्येक शनिवार विहान ११ बजे
स्त्री तथा प्रसुती रोग विशेषज्ञ
डा. नविन कुमार श्रेष्ठ
पश्चिमाञ्चल क्षेत्रिय अस्पताल, पोखराका वरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ प्रत्येक महिनाको दोस्रो र चौथो शनिबार विहान ११ बजे
वरिष्ठ सर्जन
डा. शरद बहादुर अधिकारी
पश्चिमाञ्चल क्षेत्रिय अस्पताल, पोखराका वरिष्ठ सर्जन सानो ठुलो सबै किसिमका अप्रेसनै (पाइल्स, फिस्टुला, हर्निया, एपेन्डिक्स) प्रत्येक दिन
२४ सै घण्टा MBBS डाक्टरद्वारा विरामी चेक जाँच
दैनिक भिडियो एक्स रे
एम्बुलेन्स नं.: ९८२४११५८२

# शुक्लागण्डकीमा बजार अनुगमन सुरु



तनहुँ खबर संवाददाता
असोज १८, तनहुँ

शुक्लागण्डकी नगरपालिकाले चाडपर्व लक्षित बजार अनुगमन सुरु थालेको छ । नगरपालिकाको अनुगमन टोलीले सोमबारदेखी बजार अनुगमन थालेको हो । पहिलो दिन दुलेगौँडा बजारमा रेहेको किरान स्टोर्स र डिपार्टमेन्टल स्टोर्सको अनुगमन गरेको अनुगमन संयोजक नगरपालिकाका प्रशासन शाखा प्रमुख लक्ष्मण लम्सालले बताए ।

उनका अनुसार दुई दर्जन किराना पसल, डिपार्टमेन्टल र पेय पदार्थको डिलरमा अनुगमन गरिएको छ । अनुगमनका क्रममा मुल्य सुची नराखेको, व्यवसाय दर्ता र नविकरण नगरिएको पाईएको उनले बताए । 'केही म्याद नाघेका बस्तु पनि फेला परेको छ । ती वस्तु जफत गरेका छौं', उनले भने । मसला, चाउचाउ, बिस्कुट लगायतका सामाग्री म्याद नाघेको फेला पारिएको हो । व्यवसाय दर्ता नविकरण गर्ने, मुल्य सुँची ग्राहकले देख्ने स्थानमा टाँस्न सुचित गराईएको छ ।

गत बर्षको तुलनामा पहिलो दिनको अनुगमनमा बजार सुधारिएको पाईएको लम्सालले बताए । गत बर्ष दशैंको बेला अनुगमन गर्दा बजारमा छ्यापछ्याप्ती म्याद नाघेका खाद्यवस्तु र पेय पदार्थ फेला परेको थियो । पहिलो दिनको अनुगमनले यसपाली म्याद नाघेका बस्तु निकै कम फेला परेको हो । जफत गरेको सामाग्री प्रहरी प्रशासनको रोहबारमा नष्ट गर्ने जनाईएको छ ।

नगरपालिकाले २४ असोजसम्म बजार अनुगमनलाई निरन्तरता दिनेछ । दुलेगौँडा बजारसँगै खैरेनीटार, बेलचौतारा, कोत्रे, ढोरफिर्दी, साँखे, मान्द्रे लगायतका यहाँका प्रमुख बजारमा अनुगमन हुनेछ । चाडवाडको बेलामा कालोबजारी हुन सक्ने र उपभोक्ताको स्वास्थ्यमाथी खेलवाड हुने गरी अखाद्य बस्तुको विक्री हुने भएकाले नगरपालिकाले बर्षेनी चाडपर्वको बेला बजार अनुगमनलाई तिब्रता दिने गरेको छ । अनुगमन टोलीमा नगरपालिकाका क र्मचारीसँगै, व्यवसायिक संघ संस्थाका प्रतिनिधी, प्रहरी र पत्रकार सहभागी छन् ।

# वनमन्त्री थापाद्वारा च्यवनधामको अवलोकन

**दुलेगौँडा–** गण्डकी प्रदेशका वन वातावरण तथा भूसंरक्षण मन्त्री दीपक थापा मगर सहितको टोलीले गाछेपानी स्थित मुक्तिनाथ शुक्लागण्डकी च्यवनधामको अवलोकन भ्रमण गरेको छ । शुक्लागण्डकी नगरपालिका-२ गाछेपानीमा मिनी मुक्तिनाथको उपमा पाएको च्यवनधाममा मन्त्री थापाले सोमबार अवलोकन भ्रमण गरेका हुन् ।

मन्त्री थापाले च्यवनधाम धार्मिक पर्यटनको अनुपम उदाहरण भएको बताए । च्यवनधाम व्यवस्थापन समितिका सचिव दुर्गादत्त सापकोटाले धामको स्वामित्वमा रहेको जग्गा र भौतिक संरचनाहरूको संरक्षणका लागि घेरावार आवश्यक भएको भन्दै सहयोग गर्न मन्त्री समक्ष आग्रह गरे । जवाफमा मन्त्री थापाले कम्पाउण्ड लगाउन प्रदेश सरकारले सहयोग गर्ने प्रतिवद्वता व्यक्त गरे।

मन्त्री थापा सहित प्रदेशसभा सदस्य आशा कोईराला, प्रदेश योजना आयोगका सदस्य सुवास अधिकारी, डिभिजन वन कार्यालय तनहुँका प्रमुख कोमलराज काफ्ले लगायतले धामको भ्रमण गरेका हुन् । छोटो अवधिमा उल्लेख्य प्रगति भएको भन्दै उनीहरूले स्थानीयको प्रंशशा गरे ।

च्यवनधाममा रहेका शुक्लेश्वर महादेवको मन्दिर, बौद्व च्यवन गुम्बा, अन्नपूर्ण हिमश्रृंखलाको कृत्रिम संरचना, १०८ पिपल सहितको हरित पार्क लगायतका संरचनाले आन्तरिक पर्यटकलाई आकर्षित गरेको छ ।

धाममा हाल वृद्ध आश्रम संचालनका लागि मानवता नेपाल नामक गैरसरकारी संस्थाले भवन निर्माण तथा मर्मतको काम गरिरहेको छ । मिलेनियम ट्रेकको प्रवेशद्धारमा रहेको च्यवनधाम पर्यटकीय सम्भावनाले भरिपुर्ण छ । पछिल्लो एक दशकको

## बन्दिपुर गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
**बन्दीपुर,तनहुँ,गण्डकी प्रदेश**

### दरभाउ पत्र स्वीकृत गर्ने आशयको सूचना

**प्रकाशित मिति २०७८/०६/१९**

यस कार्यालयको मिति २०७८/०५/३१ गते तनहुँ खबर राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सूचना अनुसार ठेक्का नं **(BRM/MD/04/2078/79)**मा आयुर्वेदिक नि:शुल्क औषधि खरिदको लागि आह्वान भई तोकिएको म्याद भित्र पर्न आएका दरभाउ पत्रहरूको मुल्याङ्कन गर्दा तपशिलको शिलबन्दी दरभाउ पत्र दाताको दरभाउ पत्र न्युनतम् मुल्याङ्कित,सारभुत रूपमा प्रभावग्राही देखिएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ उपदफा २ बमोजिम सम्बन्धित सबै को जानकारीको लागि यो सुचना प्रकाशित गरिएको छ ।

| क्र.सं. | ठेक्का नं. | न्युनतम् मुल्याङ्कित,सारभुत रूपमा प्रभावग्राही दरभाउ पत्र दाता | कबोल रकम |
|---|---|---|---|
| १ | (BRM/MD/ 04/2078/79 | प्राकृतिक आयुर्वेदिक औषधालय,काठमाण्डौ-३५ | ८,७३,९२४। |

..............................
**प्रमुख प्रशासकीय अधिकृत**




प्रो :दुर्गा बराइली
**दुर्गा ब्लक उद्योग**
शुक्लागण्डकी २ कोत्रे नर्सरी तनहुँ
सम्पर्क : ९८५६०४२५५२, ९८२३४२०३९८



गुणस्तरीय कंक्रिट सामानहरुबाट विभिन्न प्रकारका ब्लक, सोलिड ब्लक आवश्यक परेमा सम्झनुहोस् । साथै ढुँगा, बालुवा, घर निर्माणका लागि आवश्यक क्रसरका सामाग्री चाहिएमा पनि सम्झन सक्नुहुनेछ ।

प्रो. केशर ब. तिम्सेना मो. ९८५६०००७७८,९८१४१११७८ ०६५-४१४३६६
**तिम्सेना फ्रेस हाउस**
शुक्लागण्डकी-४, दुलेगौंडा, तनहुँ
पञ्चमुनी स्कुल अगाडि



खसी र कुखुराको मासु तथा विवाह, व्रतबन्ध, पास्नी, पिकनिक, पार्टी, भोजभतेरको लागी आवश्यक मासु पाइनुका साथै जिउँदो खसि बोका, पुजाको लागी चाहिने बोका र लोकल कुखुराहरु पनि पाइन्छ ।



**कृष्णा आर्टस् एण्ड अफसेट प्रेस**
KRISHNA ARTS & OFFSET PRESS
शुक्लागण्डकी-४, वि.पि. चोक, दुलेगौडा, तनहुँ
Ph.: 065-414178 Mob.: 9846149304, 9816145048
Email: krishnart4@gmail.com
हाम्रा सेवाहरु :
- फ्लेक्स प्रिन्ट
- फोटो प्रिन्ट
- स्टीकर प्रिन्ट
- लाईट बोर्ड
- साईन बोर्ड
- नम्बर प्लेट
- प्रमाण पत्र
- मायाको चिनो
- निमन्त्रणा पत्र
- रिबन ब्याच
- झोला प्रिन्ट
- टिसर्ट प्रिन्ट
- सेल्फ छाप
- नाइनल छाप
- कप, मेडल,
- शिल्ड
- खेलकुदका सामानहरु
- पुस्तक
- पत्रपत्रिका
- तमसुक
- रजिस्टर
- विल/भरपाई
- पासबुक
- ब्रोसर
- विवाह कार्ड
- परिचय पत्र
छपाई सम्बन्धि सम्पूर्ण कामहरुको लागि हामीलाई सम्झनुहोस् ।
आधुनिक प्रविधिद्वारा शिला लेख लेखिन्छ ।
स्टीकर डेकोरेसन सम्बन्धि सम्पूर्ण काम गरिन्छ ।

प्रकाशक: शुक्लागण्डकी मिडिया प्रा.लि., अध्यक्ष : तिर्थराज खनाल, सम्पादक:सरीता पुरी, कार्यकारी सम्पादक : अशोक बिश्वकर्मा, सह-सम्पादक : विनोद ढुंगाना ले-आउट : हरि खरेल
कार्यालय: शुक्लागण्डकी-४, दुलेगौँडा, जि.प्र.का द.नं.: ०३/०७१/०७२, सम्पर्क: ०६५-४१४३००, Email: tanahunkhabardaily@gmail .com, मुद्रण: कृष्ण आर्टस एण्ड अफसेट प्रेस, दुलेगौंडा । web:www.tanahunkhabar.com.np